# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

### २०७८/०२/२७

### आठौं अधिवेशन

### (आठौं बैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको आठौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस प्रदेशका माननीय प्रदेश प्रमुख पहिलो पटक यस सभामा उपस्थित हुनु भएको छ । माननीय प्रदेश प्रमुखलाई हार्दिक स्वागत अभिवादन गर्दछु ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेश सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम माननीय प्रदेश प्रमुखज्यूबाट सम्वत् २०७८ साल जेष्ठ २७ गते विहीबार अपरान्ह ४:०० बजे प्रदेश सभामा प्रस्तुत हुने कार्यक्रम रहेकोले तदनुरुप सभाको वैठक व्यवस्थापन हुन अनुरोध छ भनी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १७२६ मिति २०७८/०२/२५ गतेको पत्र प्राप्त भई सचिवालयमा दर्ता हुन आएको व्यहोरा जानकारी गराउछु ।

**माननीय सदस्यहरु,**

अब म, माननीय मुख्यमन्त्री त्रिलोचन भट्टलाई प्रदेश सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रदेश प्रमुख माननीय गंगाप्रसाद यादवज्यूलाई उपलब्ध गराउनको लागि समय दिन्छु ।

**माननीय सदस्यहरु,**

अब म, प्रदेश प्रमुख माननीय गंगाप्रसाद यादवज्यूलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ३५ बमोजिम प्रदेश सरकारको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न आग्रह गर्छु ।

**माननीय सभामुखज्यू,**

१. विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको प्रभाव यस प्रदेशमा समेत परेको छ । यस चुनौतीपूर्ण र असहज परिस्थितिमा यस गरिमामय प्रदेश सभाको आठौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु।

२. मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न राजनीतिक आन्दोलनका क्रममा बेपत्ता नागरिक, घाइते योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. कोरोना महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका नेपाली नागरिकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। त्यसैगरी उपचाररत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

४. कोरोना महामारीको उच्च जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालक, स्वयंसेवक, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण जनप्रतिनिधि तथा राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु। अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यवसायी, व्यावसायिक प्रतिष्ठान तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु। महामारीको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारबाट भएको मार्गदर्शन तथा सहयोग र स्थानीय तहबाट भएको समन्वय र सहकार्यका लागि हार्दिक आभार प्रकट गर्दछु। स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी प्रदेश सरकारलाई सहयोग गर्नु भएकोमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीलाई धन्यवाद ज्ञापन गर्दछु।

५. कोरोना महामारीसँग लड्नका लागि विश्व समुदाय बीच ऐक्यबद्धता र सहकार्य बढ्दै गएको छ। यस महामारीलाई जित्न एवं आफ्नो जीवनको रक्षा गर्न सबैले नेपाल सरकार तथा प्रदेश सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड अपनाउँदै आत्मविश्वास र आशावादी भएर अनुशासित हुन आवश्यक छ।

६. प्रदेश सरकारले कोरोना महामारीको दोस्रो लहरबाट जनताको जीवनको रक्षाका लागि आफ्नो स्रोत, साधनको उपलब्धता एवं अधिकारक्षेत्रका आधारमा कटिवद्ध रुपमा काम गर्दै आएको छ। सीमाबाट नेपाल प्रवेश गर्ने यात्रुको स्वास्थ्य परीक्षण, आइसोलेशन बेडको व्यवस्था, प्राणवायुको आपूर्ति तथा खोपलाई व्यवस्थित गर्ने कार्य प्रदेश सरकारले गर्दै आएको छ।

७. कोरोना महामारीको दोस्रो लहरमा देखिएको उच्च जोखिमलाई मध्यनजर गरी प्रदेश सरकारसँग उपलब्ध स्रोत साधनलाई रोकथाम, नियन्त्रण, उपचार तथा स्वास्थ्य पूर्वाधार निर्माणका लागि परिचालन गरिएको छ। आगामी दिनमा पनि प्रदेश सरकारले नेपाल सरकार, स्थानीय तह तथा नागरिक संघसंस्थासँग सहकार्य र समन्वय गर्दै अझ बढी सतर्कता, समन्वय एवं दृढताका साथ महामारी विरुद्ध जुध्न म सबैमा आह्वान गर्दछु।

८. महामारीले प्रदेशको अर्थ व्यवस्थामाथि गम्भीर असर पुऱ्याएको छ। यातायात, पर्यटन, उद्योग, व्यापार, व्यवसाय लगायत सबै क्षेत्र गतिशील नहुँदा प्रदेशको उत्पादन र वितरण प्रणाली समेत गम्भीर रुपमा प्रभावित भएको छ। लाखौंको रोजगारी गुमेको छ भने विकास आयोजना तथा योजनाहरू पूर्ण रुपमा सञ्चालन हुन नसक्दा प्रदेश सरकारले तय गरेका लक्ष्य प्राप्तिमा असर पुगेको छ।

९. नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संघीय प्रणालीलाई संस्थागत गर्न प्रदेश सरकारले नेपाल सरकार र स्थानीय तहसँग समन्वय, सहअस्तित्व र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै आएको छ।

१०. आर्थिक समृद्धि, सुशासन र विकासको मार्गमा सुदूरपश्चिम प्रदेश निरन्तर अघि बढिरहेको छ। यस प्रदेशलाई आत्मनिर्भर बनाउन कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढीकरण गरी **"समृद्ध सुदूरपश्चिम प्रदेश"** निर्माण गर्न हामी सबै दृढ संकल्पित छौं।

**माननीय सभामुखज्यू,**

**अब२०७७ म आर्थिक वर्ष ,/७८ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपलब्धिहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु:-**

११. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, गठन आदेश, निर्देशिका, कार्यविधि, आचारसंहिता, मापदण्ड र मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन्। आवश्यक अन्य कानूनहरु निर्माणको क्रममा रहेका छन्।

१२. सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको आधारमा प्रदेश र स्थानीय तह बीच नीतिगत सामञ्जस्यता, कानून निर्माण, योजना तर्जुमा र समस्या समाधान गर्न प्रदेश समन्वय परिषद् क्रियाशील रहेको छ।

१३. प्रदेश नीति तथा योजना आयोग र प्रदेश लोक सेवा आयोग गठन भएका छन्।

१४. प्रदेश सुशासन केन्द्र स्थापना भई प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता तथा वृत्ति विकासका लागि सेवाकालीन तालीम लगायत स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिएका छन्।

१५. प्रदेश खेलकुद परिषद् र प्रदेश युवा परिषद् गठन भएका छन्।

१६. सहज सेवा प्रवाहको लागि सबै जिल्लामा सामाजिक विकास कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र सामुदायिक कृषि प्रसार सेवा केन्द्रको स्थापना गरिएको छ।

१७. मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत ६५ घर तथा जनता आवास कार्यक्रम अन्तर्गत ५३० घर निर्माण गरी हस्तान्तरण गरिएको छ ।

१८. दार्चुला जिल्लामा **"ब्याँस गाउँपालिका विशेष कार्यक्रम"** अन्तर्गत टिङ्कर तथा छाङरुमा खाद्यान्न ढुवानी, टिङ्कर स्वास्थ्य चौकी, प्राङ्गारिक आलु उत्पादन, छाङरुमा वडा कार्यालय भवन, छाङरु-सुनसेरा, छाङरु-कालापानी घोडेटो बाटो निर्माण तथा छाङरु स्वास्थ्य चौकी मर्मत लगायतका कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

१९. महामारी प्रभावित तथा विदेशबाट फर्किएका ५ हजार युवालाई कृषि तथा पशुपालनका लागि प्रति युवा अधिकतम ६० हजारसम्म स्वरोजगारका लागि अनुदान दिइएको छ।

२०. प्रदेश स्वरोजगार विकास कोष कार्यालय स्थापना भई लाभग्राहीको छनौट प्रक्रिया अन्तिम चरणमा रहेको छ।

२१. कोरोना महामारीबाट प्रभावित रहेका साना तथा मझौला उद्योग व्यवसायीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउने कार्य अन्तिम चरणमा रहेको छ।

**माननीय सभामुखज्यू,**

२२. कोरोना महामारीको रोकथाम तथा उपचारका लागि सेती, महाकाली, डडेलधुरा र बझाङ्ग अस्पतालमा अक्सिजन प्लान्ट जडान भएको र चालू आर्थिक वर्षभित्र प्रदेश मातहतका सबै अस्पतालहरुमा अक्सिजन प्लान्ट जडान गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ। कैलालीमा विशेष सुविधासहितको ५० शय्याको अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको छ। मोलिक्युलर सेटअप सहितको प्रयोगशाला कैलाली, बैतडी र डोटी जिल्लामा सञ्चालनमा ल्याइएको छ। स्थानीय तहको साझेदारीमा अछाम, बझाङ्ग र महाकाली अस्पतालमा कोरोना महामारीको परीक्षण प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

२३. प्रदेश सरकार अन्तर्गतका अस्पतालहरुमा संक्रमितको उपचारका लागि २० वटा आइसियु बेड जडान गरिएको र १२५ वटा एचडियु बेड तथा ५६० वटा नयाँ बेडहरु थप गरी सेवा विस्तार गरिएको छ।

२४. अस्पतालहरुलाई थप व्यवस्थित बनाउन आवश्यक जनशक्ति करारमा लिई स्वास्थ्य सेवा विस्तार गरिएको छ।

२५. सेती र महाकाली लगायत अस्पतालहरुमा विशेषज्ञ जनशक्ति, औजार, उपकरण, भौतिक पूर्वाधार निर्माण गरी विशेषज्ञ सेवालाई थप व्यवस्थित बनाइएको छ। साथै सेती अस्पतालमा विरामीहरुको अभिलेख र शीघ्र सेवा प्रवाहका लागि विद्युतीय प्रणाली शुरु गरिएको छ।

२६. टिकापुरमा प्रादेशिक सरुवा रोग अस्पताल, दिपायलमा प्रदेशस्तरको बायोमेडिकल ईन्जिनियरिङ्ग प्रयोगशाला र नेपाल सरकारसँगको साझेदारीमा डोटीमा प्रादेशिक सरुवा रोग अस्पतालको पूर्वाधार निर्माण कार्य शुरु गरिएको छ। साथै सेती प्रादेशिक आयुर्वेद चिकित्सालय स्थापना गरिएको छ ।

२७. स्वास्थ्य क्षेत्रको सुधारका लागि ३२ वटा बर्थिङ्ग सेन्टर, १६ वटा शहरी स्वास्थ्य केन्द्र र १६ वटा स्वास्थ्य इकाई निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

२८. २४ वटा विद्यालयमा **"एक विद्यालय, एक नर्स कार्यक्रम"** र सबै जिल्ला आयुर्वेद केन्द्रमा "**एक योग गुरु कार्यक्रम**" शुरू गरिएको छ।

२९. **"मुख्यमन्त्री जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम"** स्वास्थ्य कार्यालय र स्थानीय तहसँगको समन्वयमा सबै जिल्लामा शुरू गरिएको छ।

३०. **"ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम"** अन्तर्गत सबै स्थानीय तहका ४५ हजार गर्भवती महिलाहरुको गर्भावस्था परीक्षण गरिएको छ।

३१. कडा रोग लागेका १५९ जना विपन्न नागरिकहरुलाई आर्थिक सहायता प्रदान गरिएको छ।

३२. शैक्षिक संस्थाहरुको भौतिक सुधार अन्तर्गत २४१ विद्यालय भवन, १६ पुस्तकालय, ३२ खेलमैदान, २४ क्याम्पस भवन निर्माण भएको र ९ छात्राबास तथा ८७ विद्यालयमा छात्रा शौचालय निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

३३. नौवटा उत्कृष्ट क्याम्पसहरुको शैक्षिक उन्नयनका लागि अनुदान उपलब्ध गराइनुका साथै ७४ शैक्षिक संस्थाहरुमा इ-लाइब्रेरी स्थापना गर्न अनुदान उपलब्ध गराइएको छ।

३४. कर्मचारी सन्तति, छात्रा, दलित, आदिवासी जनजाति, शहीद तथा द्वन्द्व प्रभावित परिवारको सन्तति, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, विपन्न परिवार, मुक्त कमैया, अपाङ्गता भएका विद्यार्थीहरुलाई उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनका लागि प्रति विद्यार्थी पचास हजार रुपैंयाका दरले ४१६ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ।

३५. स्थानीय बाजा, लोक संस्कृति प्रवर्द्धनका लागि प्रदेशभित्रका विभिन्न जातजातिका १५ वटा समिति तथा समूहलाई अनुदान दिइएको छ।

**माननीय सभामुखज्यू,**

३६. **"नमूना गाउँ, आफैं बनाऊँ कार्यक्रम"** अन्तर्गत ११६ गाउँमा कृषि तथा पशुपन्छी विकास कार्यक्रम, १३४ स्थानमा ब्लक कार्यक्रम र पहाडका ७ जिल्लामा सघन खाद्यान्न खेती विस्तार गरिएको छ । कृषि, पशुपन्छी तथा कृषि पर्यटन विकासका लागि दश वर्षे गुरुयोजना तयार गरिएको छ ।

३७. कृषकहरूलाई सत्तरी लाख रुपैंया बराबरको रासायनिक मलमा अनुदान दिइएको छ। सबै जिल्लामा रैथाने बालीहरूको संरक्षण र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक र बीउ कम्पनीहरुको साझेदारीमा ३५ स्थानीय तहमा बीउ स्रोतकेन्द्र स्थापना तथा स्तरोन्नत्ति गरिएका छन्।

३८. ५६ हजार फलफूल बेर्ना, २२ क्विन्टल च्याउको बीउ, ८०० किलोग्राम तरकारीको बीउ, ३ करोड माछाका भुरा, २५ लाख फ्राई माछा र ३३ लाख फिंगरलिंग उत्पादन तथा वितरण गरिएको छ।

३९. राष्ट्रिय आवास कम्पनीको पुनर्वासस्थित ७४ विघा जग्गा भाडामा लिई धान र गहुँको बीउ उत्पादन गरिएको छ ।

४०. मत्स्य विकास केन्द्र गेटामा अत्याधुनिक ह्याचरी र प्रयोगशाला तथा धनगढीमा सुविधा सम्पन्न प्रादेशिक रिफरल पशु अस्पतालको निर्माण शुरु गरिएको छ । १० लाखभन्दा बढी पशुलाई विभिन्न खोप लगाइएको छ ।

४१. ८५० कृषकलाई साना तथा मझौला कृषि यन्त्र एवं उपकरण वितरण गरिएको छ।

४२. संघसंस्थाहरुको साझेदारीमा सबै जिल्लामा एकीकृत कृषि बजार स्थापना, १६ वटा शीत भण्डार र चिस्यान केन्द्र निर्माण, भैंसी आनुवंशिक स्रोत केन्द्र स्थापना, ११ प्राविधिक शिक्षालयमा कृषकसँग कृषि विद्यार्थी कार्यक्रम, कृषि क्षेत्रमा विपद् जोखिम न्यूनीकरण लगायतका कार्यक्रम सञ्चालन गरिएको छ।

४३. कृषि ऋणको ब्याज, भन्सार महशुल, विद्युत महशुल र ग्रामीण विद्युतीकरणमा अनुदान कार्यक्रम सञ्चालन गरिएको छ।

४४. २ हजार ४ सय कृषकलाई कृषि सम्बन्धी तालीम दिई क्षमता विकास गरिएको छ ।

४५. **"कृषि र पशु बीमा कार्यक्रम"** सञ्चालन गर्न बीमा कोष स्थापना गरिएको छ।

४६. रैथाने बाली तथा प्राङ्गारिक कृषि वस्तुको पहिचानसहित बजारीकरण प्रवर्द्धन गरिएको छ। स्वच्छ मासु उत्पादन तथा बजारीकरणका लागि ५ मिट मार्ट, ५ बधस्थल स्थापना र चिस्यानयुक्त ढुवानी साधनको व्यवस्थापन गरिएको छ ।

४७. डडेलधुरा, कैलाली र कञ्चनपुर जिल्लामा साझेदारीमा गड्यौला मल तथा प्राङ्गारिक मल उत्पादन कार्य शुरु गरिएको छ।

४८. ६ हजार नमूना माटो परीक्षण गरी कृषकहरुलाई माटो स्वस्थता प्रमाणपत्र उपलब्ध गराई उत्पादन अभिवृद्धिका लागि सुझाव दिइएको छ।

४९. २० उत्पादनमूलक सहकारी संस्थालाई बीउ पुँजी र ३२ सहकारी संस्थालाई भवन तथा भण्डारगृह निर्माणका लागि अनुदान दिइएको छ।

**माननीय सभामुखज्यू,**

५०. विभिन्न सिंचाइ प्रणालीमार्फत ४ हजार ६ सय ९७ हेक्टर जग्गामा सिंचाइ सुविधा विस्तार भएको छ।

५१. पहाड तथा तराईका मझौला नदीहरुमा १९ किलोमिटर तटबन्ध निर्माण गरी ३५ हेक्टर जग्गा संरक्षण गरिएको छ ।

५२. कान्द्रा, बनरा, गौरीगंगा, कटैनी, कन्कट्टी तथा चौधर नदीको तटबन्ध गुरूयोजना तथा प्रदेश सिंचाइ गुरुयोजना तयारीको अन्तिम चरणमा रहेका छन्।

५३. **"प्रदेशका गाउँ, उज्यालो बनाऊँ कार्यक्रम"** अन्तर्गत डोटी, बैतडी र बझाङ्गमा ३ वटा सोलार मिनीग्रिडमार्फत एक सय किलोवाटको विद्युत जडानको कार्य अन्तिम चरणमा रहेको छ। नौगाड ६.९७, सुर्नया ७.६५ र अपर सुर्नया ७.७१ मेगावाट जलविद्युत आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ।

**माननीय सभामुखज्यू,**

५४. खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत थप ४ हजार ५७ जनसंख्याका लागि स्वच्छ खानेपानी उपलब्ध गराइएको छ।

५५. धनगढी, अत्तरिया, महेन्द्रनगर, डडेलधुरा, राजपुर-दिपायल र साँफेबगरमा आधुनिक शहर विकासका लागि विस्तृत अध्ययन गर्ने काम अन्तिम चरणमा रहेको छ।

५६. २९ सार्वजनिक भवन निर्माण भएका र ३० सार्वजनिक भवन निर्माणाधीन रहेका छन्।

५७. प्रादेशिक सडक गुरूयोजना तयारी गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

५८. ११० किलोमिटर कालोपत्रे सडक र ३ सडक पुल निर्माण सम्पन्न भई ४ सय ४७ किलोमिटर कालोपत्रे सडक र १८ सडकको पुल निर्माणाधीन अवस्थामा रहेका छन्। ८ वटा झोलुङ्गे पुल निर्माण भएका छन्।

५९. सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा (ट्रायल) सञ्चालनका लागि चार स्थानमा ट्रायल सेन्टर निर्माण भएको छ ।

**माननीय सभामुखज्यू,**

६०. २४ हेक्टर अतिक्रमित वन क्षेत्र खाली गरिएको र सामुदायिक वनको रूपमा १ हजार ४ सय ८३ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको छ।

६१. २ लाख फलफूलका विरुवा र वन्य प्रजातिका १ लाख २७ हजार २ सय ९५ विरुवा रोपिएका छन्।

६२. चुरे संरक्षण सम्बन्धी खोल्सी, पहिरो तथा गल्छी नियन्त्रण, रिचार्ज पोखरी निर्माण, खोला किनार तथा पानी मुहान संरक्षण लगायतका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

६३. ५० कबुलियती वन समूहको वन व्यवस्थापन कार्ययोजना तयार गरिएको र १८० सामुदायिक वनको कार्ययोजना नवीकरण गरिएको छ। २ वटा शहरी वन उद्यान निर्माण गरिएका छन्।

६४. विभिन्न प्रजातिका २८ लाख ४ हजार ५७ किलोग्राम जडिबुटी तथा गैरकाष्ठ वन पैदावार निकासी भएको छ।

६५. ६ स्थानीय तहमा औद्योगिक ग्राम स्थापनाका लागि नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी कार्य अगाडि बढाइएको छ।

६६. वातावरण प्रदूषण नियन्त्रणका लागि प्लाष्टिकको विकल्पमा अल्लो तथा कपडाको झोला बनाई बैकल्पिक झोला उत्पादनलाई प्रवर्द्धन गरिएको छ।

६७. खप्तड, रामारोशन, बैजनाथ लगायतका पर्यटकीय क्षेत्रको विकासका लागि समिति गठन भई पर्यटन प्रवर्द्धन सम्बन्धी कार्य अगाडि बढाइएको छ । प्रदेशभित्रका विभिन्न पर्यटकीय क्षेत्रहरुमा ४१ वटा पदमार्ग तथा ७ वटा प्रवेशद्वारहरु निर्माण गरिएका छन्।

**माननीय सभामुखज्यू,**

६८. प्रहरीलाई साधन स्रोत सम्पन्न बनाई शान्ति, सुरक्षा र अमनचयन कायम गर्न १० पिकअप, १ मिनी ट्रक र १५ मोटरसाइकल खरिद गरिएको छ। ३ प्रहरी चौकी निर्माण सम्पन्न गरिएको र प्रदेश प्रहरी मुख्यालयको भवन, ७ इलाका प्रहरी कार्यालय तथा ३ प्रहरी चौकी निर्माणाधीन रहेका छन्।

६९. चिसापानीदेखि गड्डाचौकी र अत्तरियादेखि त्रिनगर भन्सारसम्मका प्रमुख चोकहरुमा १३८ वटा सिसिटिभि क्यामेरा जडान भई निगरानी प्रारम्भ गरिएको छ।

७०. **"समुदाय प्रहरी साझेदारी कार्यक्रम"** अन्तर्गत लागूऔषध नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण, साइबर अपराध, मानव बेचविखन तथा ओसारपसार, आत्महत्या नियन्त्रण तथा रोकथाम सम्बन्धी सचेतनामूलक कार्यक्रम विद्यालय र सार्वजनिक स्थलहरुमा सञ्चालन गरिएको छ।

७१. विपद् व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार तथा राहत सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न प्रदेश विपद् व्यवस्थापन कोष स्थापना गरी सबै जिल्ला विपद् व्यवस्थापन समितिमार्फत पीडितलाई राहत उपलब्ध गराइएको छ। साथै प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना भई सञ्चालनमा आएको छ।

७२. प्रदेश विपद् व्यवस्थापन योजना तयार भई सबै जिल्लामा विपद् जोखिम नक्साङ्कन कार्य भइरहेको छ।

७३. दुर्गम स्थानका ११ जना गर्भवती महिला र विपद्बाट गम्भीर घाइतेलाई आपत्कालीन हवाइ उद्धार गरिएको छ ।

७४. प्रदेश राजपत्र छपाइ मेसिन जडान कार्य थालनी गरिएको छ ।

७५. जिल्लामा जिल्ला पत्रकार महासंघको भवन निर्माण गर्न अनुदान दिइएको छ। प्रदेशभित्र सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापन र उपयोगका लागि विभिन्न २० वटा सामुदायिक रेडियोलाई अनुदान प्रदान गरिएको छ।

७६. प्रदेश सेवामा कार्यरत कर्मचारीहरुको पदस्थापन, बढुवा, सरुवा, उमेर लगायतका विवरणहरुको अभिलेख अद्यावधिक तथा व्यवस्थापन गर्न कर्मचारी सूचना प्रणाली विकास भइरहेको छ।

**माननीय सभामुखज्यू,**

**अब, म प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछुः-**

७७. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समतामूलक समाज, समाजवाद उन्मुख अर्थतन्त्र, तीन खम्बे आर्थिक नीति, सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता, मानव अधिकारको रक्षा, मौलिक हकहरुको प्रत्याभूति लगायत कानूनी राज्यको मूल्य र मान्यता अनुशरण गर्दै सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको छ।

७८. नेपालको संविधान, पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, नेपाल सरकारका विभिन्न क्षेत्रगत नीति तथा आगामी आर्थिक वर्षको बजेट र प्रदेश सरकारको विगतका नीति तथा कार्यक्रम समेतलाई ध्यान दिंदै प्रदेशको आवश्यकता परिपूर्ति गर्न स्वास्थ्य, कृषि, पर्यटन, उद्योग, जलस्रोत र पूर्वाधारजस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

७९. कोरोना महामारीको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनका कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ। यसका लागि आवश्यक स्रोत र साधनको प्रबन्ध गरिनेछ। कोरोना महामारीबाट प्रदेशको आर्थिक क्षेत्रमा परेको र आगामी दिनमा पर्न सक्ने प्रतिकूल प्रभावको अध्ययन गरी त्यसको असर न्यूनीकरण गर्ने कार्यक्रममार्फत अर्थतन्त्रलाई गतिशील र पुनरुत्थान गर्नेतर्फ आगामी वर्षको बजेट तथा कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

८०. कोरोना महामारीको कारण वैदेशिक रोजगार गुमाएर फर्किएका व्यक्तिका लागि उद्योग व्यवसाय सञ्चालन गरी आत्मनिर्भर बन्न चाहने युवा तथा उद्यमीलाई लक्षित गरी प्रदेश स्वरोजगार विकास कोषमार्फत सहुलियत दरमा ऋण उपलब्ध गराउने कार्यलाई निरन्तरता दिंदै विस्तार गरिनेछ।

८१. न्यूनतम स्वास्थ्य सेवा मापदण्ड तथा राष्ट्रिय चिकित्सा मापदण्डका आधारमा प्रादेशिक चिकित्सा मापदण्ड तयार गरी स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

८२. प्रदेशको समग्र वस्तुस्थिति झल्किने गरी प्रदेश पार्श्वचित्र तयार गरिनेछ ।

८३. आवधिक योजनाको आधारपत्र तयार गरी सोको आधारमा आवधिक योजना तयार गरिनेछ ।

८४. विकास क्रियाकलापहरुमा मानव विकास सूचकाङ्कका दृष्टिले पिछडिएका क्षेत्र, वर्ग एवं समुदायलाई विशेष प्राथमिकता दिइनेछ।

८५. शासकीय सुधार तथा सुशासन प्रवर्द्धन गर्न प्रदेशस्तरीय सुशासन प्रवर्द्धन केन्द्र र मन्त्रालयस्तरीय शासकीय सुधार इकाईको स्थापना गरिनेछ।

८६. कर्मचारी प्रशासनलाई थप जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि अधिकृतदेखि माथिका कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरिनेछ।

८७. कानून कार्यान्वयनको प्रभावकारिताको सम्बन्धमा अध्ययन गरी आवश्यकताका आधारमा संशोधन तथा नयाँ कानून निर्माण गरिनेछ।

८८. प्रदेश एकीकृत तथ्याङ्क केन्द्र स्थापना गरिनेछ।

८९. प्रदेश सरकारका मन्त्रालय एवं निकायको वेवसाइट एकै प्रारूपमा तयार गरी एकीकृत सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

९०. सरकारी, सार्वजनिक, सामुदायिक, गुठी र बाँझो जग्गाको उचित व्यवस्थापनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरिनेछ।

९१. भूमिको उचित व्यवस्थापन र उत्पादनमा वृद्धि गर्न भूमिको तथ्याङ्क, जनसंख्या वृद्धिदर, खेतीयोग्य जमिन र आवासको आवश्यकता, उद्योग तथा पूर्वाधार निर्माणका लागि प्रदेश भू-उपयोग गुरुयोजना तयार गरिनेछ।

९२. भौगोलिक सूचना प्रणालीको विकासका लागि नीति तर्जुमा गरिनेछ।

९३. पश्चिम सेती, पञ्चेश्वर लगायतका ठूला जलविद्युत परियोजनाहरु छिटो सञ्चालन गर्न नेपाल सरकारसँग पहल गरिनेछ।

९४. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता र वातावरणमैत्री बनाइनेछ।

९५. औद्योगिक व्यवसाय प्रवर्द्धनका लागि प्रदेश सरकारले न्यून व्याजदरमा प्रति उद्योग ५० लाखसम्म ऋण उपलव्ध गराउनेछ ।

९६. दुर्गम क्षेत्रमा जनसहभागितामा आधारित **"विकाससँग रोजगारी कार्यक्रम"** सञ्चालन गरिनेछ।

९७. कृषि लगायत अन्य अनुदानको उपयोगिता र यसले पारेको सकारात्मक प्रभावको अध्ययन गर्न एक उच्चस्तरीय कार्यदल गठन गरिनेछ।

९८. स्थानीय कच्चा पदार्थमा आधारित नेपाली कागज उद्योगलाई बीउ पुंजी उपलब्ध गराउँदै त्यसको उत्पादनलाई सरकारी कार्यालयमा प्रयोग गर्ने नीति ल्याइनेछ।

९९. जनआन्दोलन, जनयुद्ध र अन्य विभिन्न आन्दोलनमा घाइते, अपाङ्ग, असहाय व्यक्तिको जीवन निर्वाह र रोजगारी एवं सिर्जनशील कार्यका लागि आवश्यकता पहिचान गरी विशेष कार्यक्रम ल्याइनेछ।

१००. **"देवभूमि सुन्दर ठाउँ, सुदूरपश्चिम घुम्न जाऊँ"** भन्ने नारासहित पर्यटन प्रवर्द्धनका लागि स्वागत, सुरक्षा, सूचना, स्वच्छता, सुविधायुक्त, सहयोगी तथा संरचना निर्माणसहित कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. विभिन्न किसिमका प्रदुषणको नियन्त्रण र न्यूनीकरण गर्न जलवायु परिवर्तन, वातावरण संरक्षण र जीविकोपार्जनका कार्यक्रमहरुलाई गरिबी निवारण सम्बन्धी कार्यक्रममा आवद्ध गरी वाह्य स्रोत परिचालन गर्न परियोजना प्रस्ताव तयार गरिनेछ।

१०२. **"एक स्वास्थ्य रणनीति"** कार्यान्वयनमा ल्याउन नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्ययोजना तयार गरिनेछ।

१०३. मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) को कार्यान्वयन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४. बालविवाह, लैङ्गिक हिंसा, सामाजिक कुरीति, छाउपडी, बोक्सी लगायत अन्धविश्वास विरुद्ध जागरण अभियान सञ्चालन गरिनेछ ।

१०५. हिंसापीडित महिलालाई तत्काल बसोबासको व्यवस्था मिलाउन **"महिला सुरक्षागृह"** स्थापना गरिनेछ।

१०६. महिलालाई सशक्तिकरण गरी आत्मनिर्भर बनाउन **"द्वारिकादेवी ठकुरानी महिला सशक्तिकरण तथा सीप विकास कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

१०७. विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा विकास गर्न प्रदेशमा एक विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापना गरिनेछ।

**माननीय सभामुखज्यू,**

१०८. प्रदेशमा स्वदेशी तथा वैदेशिक लगानी भित्र्याउन र विस्तार गर्न लगानीमैत्री वातावरण सिर्जनामा जोड दिइनेछ। साथै लगानीकर्ताको सुरक्षा र संरक्षण गर्न प्रदेश सरकारले विशेष जोड दिनेछ।

१०९. चालू खर्चमा मितव्ययिता कायम गर्दै पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि हुने गरी बजेट तथा कार्यक्रममा विनियोजन कुशलता कायम गरिनेछ ।

११०. नीति नक्साङ्कनको माध्यमद्वारा प्रदेश सरकारको नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरुलाई वार्षिक बजेट तथा कार्यक्रमसँग आबद्ध गरिनेछ ।

१११. आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सञ्चालनमा रहेका अधुरा आयोजनाहरू सम्पन्न गर्ने गरी बजेट विनियोजनमा प्राथमिकता दिइनेछ।

११२. संभाव्यता अध्ययन भएका, कार्यान्वयनयोग्य, पर्याप्त रोजगारी सिर्जना गरी प्रदेशको समग्र आर्थिक वृद्धि र विकासमा सहयोग पुऱ्याई आमजनताको जीवनस्तरमा सुधार ल्याउने खालका रुपान्तरणकारी आयोजना तथा कार्यक्रमलाई वार्षिक बजेट तथा कार्यक्रममा प्राथमिकता दिइनेछ ।

११३. आयोजना तथा कार्यक्रमहरुलाई आयोजना बैङ्कमा राखी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

११४. प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाहरुको विस्तारमार्फत जनताको वित्तीय पहुँच अभिवृद्धि गर्न वित्तीय साक्षरता, तालीम र क्षमता अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

११५. प्रदेश सरकारबाट स्थानीय तहलाई गरिने वित्तीय हस्तान्तरण तथा सरकारका निकायहरुबाट प्रदान गरिने अनुदानलाई मार्गदर्शन गर्ने गरी एकीकृत नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

११६. प्रदेश सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण हुने समपूरक र विशेष अनुदानलाई थप वस्तुनिष्ट र प्रभावकारी बनाउन विद्युतीय प्रणालीलाई प्रयोगमा ल्याइनेछ ।

११७. ठूला प्रादेशिक आयोजनाहरुको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

११८. प्रदेशमा सञ्चालित सबै आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने विद्युतीय प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

११९. एकल खाता कोष प्रणाली, खर्च लेखाङ्कन तथा व्यवस्थापनका लागि कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई नेपाल सरकारसँगको समन्वयमा सबल र व्यवस्थित बनाइनेछ।

१२०. प्रदेशको राजस्व सङ्कलन, परिचालन, वित्त व्यवस्थापन तथा प्रदेश र स्थानीय तह बीचको वित्तीय सम्बन्धलाई प्रभावकारी बनाउन स्थानीय तहसँग समन्वय र सहकार्य गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१२१. प्रदेश सरकारको संविधान प्रदत्त राजस्व अधिकारलाई उपयोग गरी थप राजस्व परिचालन गर्न करका दरलाई समय सापेक्ष बनाउने र करको दायरालाई विस्तार गरिनेछ।

**माननीय सभामुखज्यू,**

१२२. प्रदेश सरकारले कोरोना महामारीको संक्रमण रोकथामका लागि नागरिकहरुलाई कोरोना विरुद्धको खोपको व्यवस्था मिलाउनेछ।

१२३. महामारीको रोकथाम, नियन्त्रण तथा उपचारका लागि सबै अस्पताल तथा जनस्वास्थ्य प्रयोगशालाको क्षमता बढाई मोलिक्युलर सेटअप सहितको प्रयोगशालालाई थप व्यवस्थित गरिनेछ।

१२४. मुख्य सीमा नाकामा रहेका हेल्थ डेस्क र स्वास्थ्य सेवा केन्द्रलाई थप व्यवस्थित बनाइनेछ। साथै होल्डिङ्ग सेन्टरलाई आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ।

१२५. **"हाम्रो प्रदेश, स्वस्थ प्रदेश"** अभियानमार्फत क्षयरोग, कुष्ठरोग र मलेरियाजस्ता विभिन्न सरुवा रोगको निवारण तथा संस्थागत सुत्केरी अभियान र शून्य कुपोषणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछन्।

१२६. सबै स्थानीय तहमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ्ग खस्ने लगायतका नसर्ने तथा सर्ने रोगहरुको पहिचान एवं निदान गर्न स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइनेछ।

१२७. गेटा आँखा अस्पतालको साझेदारीमा सबै जिल्लामा आँखा शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२८. स्थान तथा समूह विशेषमा हुने हेमोफिलिया, सिकलसेल एनेमिया, थालासेमिया र आर्सेनिकयुक्त पानीबाट हुने स्वास्थ्य समस्याको निदानका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. सर्वसाधारणको स्वास्थ्य सुविधा तथा आर्थिक हितको अभिवृद्धिका लागि सूर्तीजन्य पदार्थ आयात, उत्पादन, बिक्री वितरण तथा सेवन कार्यलाई नियन्त्रण तथा निरुत्साहित गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. महिला र नवजात शिशुलाई स्वास्थ्य सुरक्षा प्रदान गर्न प्रादेशिक प्रसूति अस्पताल र बाल अस्पताल स्थापना गरिनेछ।

१३१. प्रदेशमा कार्यरत कर्मचारीहरुको स्वास्थ्य उपचारको लागि प्रदेश निजामती अस्पताल स्थापना गरिनेछ।

१३२. मातृ तथा बाल स्वास्थ्य सुधारमा विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै मातृशिशु कल्याण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

१३३. **"ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम"** मार्फत गर्भवती महिलाको गर्भावस्थाको निःशुल्क परीक्षण गर्ने कार्यलाई स्थानीय तहसँगको साझेदारीमा वडास्तरसम्म विस्तार गरिनेछ।

१३४. सेती प्रादेशिक अस्पताललाई शिक्षण अस्पतालको रुपमा विकास गर्न संभाव्यता अध्ययन गरिनेछ।

१३५. सेती र महाकाली प्रादेशिक अस्पतालमा **"विस्तारित स्वास्थ्य सेवा"** सञ्चालन गरी क्रमशः अन्य अस्पतालमा विस्तार गरिनेछ।

१३६. सेती, महाकाली र टिकापुर अस्पताललाई विशिष्टीकृत सेवा दिने अस्पतालको रुपमा विकास गरिनु साथै कोरोना संक्रमणका लागि आइसियु, भेन्टिलेटरको सुविधा सहितको छुट्टै वार्ड स्थापना गरिनेछ।

१३७. आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि पहाडी जिल्लामा प्रदेश निर्वाचन क्षेत्रस्तरीय अस्पताल र तराईका जिल्लामा भौगोलिक अवस्था र आवश्यकता हेरी स्थानीय तहसँगको साझेदारीमा २५ शय्याको अस्पताल निर्माण गरिनेछ।

१३८. सबै जिल्ला अस्पतालहरुलाई साधनस्रोत सम्पन्न बनाइनेछ।

१३९. सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान गठन गरी आयुर्वेदिक, होमियोप्याथिक, अक्युपञ्चर, योग, प्राकृतिक चिकित्सा तथा वैकल्पिक चिकित्सा प्रणालीको संरक्षण, प्रवर्द्धन र विकास गर्दै लगिनेछ ।

१४०. स्थानीय तहसँगको साझेदारीमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्तरोन्नति गर्दै प्रयोगशालाहरु सञ्चालन गरिनेछन् ।

१४१. प्रदेश सरकार अन्तर्गतका सबै अस्पतालहरुमा आकस्मिक कक्षलाई थप साधनस्रोत तथा सुविधा सम्पन्न बनाइनेछ ।

१४२. नेपाल सरकारको साझेदारीमा स्वास्थ्य बीमा कार्यक्रमलाई सहज र प्रभावकारी बनाइनेछ।

१४३. टेलिमेडिसिन सेवालाई नेपाल सरकारको साझेदारीमा विस्तार गरिनेछ।

१४४. सरकारी अस्पताल फार्मेसीलाई थप व्यवस्थित गरी औषधिको आपूर्ति सहज बनाइनेछ।

१४५. प्रदेशको विकट भौगोलिक अवस्थालाई ध्यान दिई सर्पदंश उपचार सेवा कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

**माननीय सभामुखज्यू,**

१४६. **"सबैका लागि शिक्षा"** अभियानलाई विशेष प्राथमिकता दिई विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा भर्ना गर्न र अध्ययन निरन्तरताको लागि स्थानीय तहसँगको साझेदारीमा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. हाइजेनिक स्यानिटरी प्याड भेन्डिङ्ग मेसिनको व्यवस्था गरी छात्राहरुलाई स्यानिटरी प्याड सहज रुपमा उपलब्ध गराइनेछ।

१४८. नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी शैक्षिक अभियानमार्फत यसै आर्थिक वर्षभित्र पूर्ण साक्षर प्रदेश घोषणा गरिनेछ ।

१४९. विभिन्न समुदायको वसोबासको अवस्था र जनसङ्ख्याको घनत्वलाई मध्यनजर गरी कक्षा तीनसम्म मातृभाषामा पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

१५०. सभ्य समाज निर्माण र मर्यादित जीवनको लागि विद्यालय तहमा नैतिक शिक्षासम्बन्धी पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

१५१. स्थानीय तहलाई कृषि, पर्यटन, जडीबुटी, जैविक विविधता, जलवायु परिवर्तन, स्वास्थ्य प्रवर्द्धन लगायतका विषयगत क्षेत्रसँग सम्बन्धित स्थानीय पाठ्यक्रम निर्माणमा प्रोत्साहन गर्न प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१५२. प्रदेशमा दक्ष जनशक्ति उत्पादन गर्न साधारण तथा प्राविधिक उच्च शिक्षाको संभाव्यता अध्ययन गरी प्रदेश विश्वविद्यालय स्थापना गर्न कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ ।

१५३. गरीब, विपन्न र शहीद परिवारका सन्ततिहरुलाई प्राथमिकता दिंदै साधारणतर्फका उच्च शिक्षा तथा प्राविधिक शिक्षातर्फका सबै तह लक्षित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५४. प्राविधिक शिक्षातर्फका सामुदायिक विद्यालय र सामुदायिक उच्च शिक्षा प्रदायक संस्थाको संस्थागत क्षमता विकासका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५५. शैक्षिक संस्थाको गुणस्तर वृद्धि गर्न शैक्षिक सूचना तथा सञ्चार प्रविधिको विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५६. बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि समतामूलक शिक्षाको प्रबन्ध गर्न नेपाल सरकार र स्थानीय तहको साझेदारीमा प्रदेशस्तरीय विशेष विद्यालय निर्माण गरिनेछ।

१५७. शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ। समायोजन र एकीकरण भएका विद्यालयमा स्थानीय तहसँगको साझेदारीमा ठूला विद्यालय संरचना निर्माण र विस्तार गरिनेछ ।

१५८. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुको नक्शाङ्कन गरी प्रत्येक स्थानीय तहमा एक सामुदायिक पुस्तकालय स्थापना तथा सञ्चालन कार्यक्रमलाई अघि बढाइनेछ ।

१५९. **"एक जिल्ला, एक नमूना क्याम्पस"** विकास गर्न भौतिक निर्माण तथा शैक्षिक विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६०. विज्ञान विषय पढाउने सामुदायिक विद्यालय तथा अध्ययनरत विद्यार्थीहरुका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षकको पेशागत क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**माननीय सभामुखज्यू,**

१६२. खेलकुद क्षेत्रको संरक्षण, विकास र विस्तारका लागि प्रदेश खेलकुद नीति तर्जुमा गरिनेछ।

१६३. खेलाडीहरुको वृत्ति विकास र स्तरोन्नतिका लागि खेलकुद प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा ल्याइनेछ।

१६४. प्रादेशिक गौरवका आयोजनाको रुपमा बहुउद्देश्यीय रंगशाला निर्माण गरिनेछ। प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा खेल मैदानको निर्माण एवं स्तरोन्नतिलाई निरन्तरता दिइनेछ।

१६५. **"स्वस्थ युवा, प्रदेशको खम्बा"** भन्ने नारासहित मुख्यमन्त्री खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

१६६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा प्रदेशको सहभागिता वृद्धि गर्न प्रोत्साहनमूलक कार्य सञ्चालन गरिनेछ।

१६७. स्वच्छ र स्वस्थ जीवनका लागि स्थानीय तहसँगको साझेदारीमा सार्वजनिक स्थलमा शारीरिक व्यायामशाला र जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरिनेछ।

१६८. मुख्यमन्त्री स्वयंसेवक परिचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६९. स्वास्थ्य सचेतना, सरसफाइ, वातावरण संरक्षणका लागि युवा जागरण अभियान सञ्चालन गरिनेछ।

१७०. श्रमिकको वृहत्तर हकहितका लागि प्रदेश श्रम नीति तर्जुमा गरिनेछ।

१७१. भाषा, साहित्य, कला, सम्पदा र संस्कृतिको विकासका लागि प्रादेशिक नीति तर्जुमा गरी सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानको गठन तथा सञ्चालन गरिनेछ।

१७२. आदिवासी जनजाति, सीमान्तकृत तथा लोपोन्मुख समुदायको भाषा तथा मौलिक कला-संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

१७३. मौलिक तथा परम्परागत ज्ञान, सीप र कलाको स्तरोन्नतिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को सहकार्यमा सीप प्रमाणीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७४. नयाँ जन्मिएका बालिकाको सुनौलो भविष्यका लागि बालिका बीमा/बैंक खाता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७५. विभिन्न निकायहरुसँगको साझेदारीमा सडकमा रहेका बेसहारा, असहाय नागरिक तथा बालबालिकाहरुको उद्धार, संरक्षण र व्यवस्थापन गरिनेछ।

१७६. पिछडिएका, अतिविपन्न, गरीब, असहाय, सीमान्तकृत, लोपोन्मुख र जोखिममा रहेका राजी, राउटे, बादीजस्ता वर्गको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सभामुखज्यू,**

१७७. वर्षैभरि सिंचाइ सेवा उपलब्ध गराउन तथा पानीको आवश्यकता परिपूर्ति गर्न नयाँ प्रविधिमा आधारित सतह, भूमिगत, लिफ्ट सिंचाइ लगायत बहुउद्देश्यीय तथा बहुउपयोगी आयोजनालाई प्राथमिकताका साथ विकास तथा विस्तार गरिनेछ ।

१७८. व्यावसायिक खेती गरिने क्षेत्रमा सिंचाइ प्रणाली विकास गर्न र कृषि पकेट क्षेत्रमा सिंचाइ सुविधा पुऱ्याउने गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न ध्यान दिइनेछ ।

१७९. जलवायु परिवर्तन तथा शहरीकरणका कारण भूमिगत जल सतह घट्दै गइरहेको अवस्थाबाट सिर्जित समस्या समाधान गर्न र पानीको पुनः उपयोग गर्नका लागि भएका पोखरीको संरक्षण तथा सम्भाव्य स्थानमा पोखरी निर्माण गरिनेछ ।

१८०. प्रमुख तथा मझौला नदीको नियन्त्रण र व्यवस्थापन कार्यलाई निरन्तरता तथा विस्तार गरिनेछ।

१८१. प्रमुख नदीको नदी बेसिन कार्यक्रम अन्तर्गत सिंचाइ, नदी नियन्त्रण र खानेपानी सुधार कार्यक्रमको प्रभावकारिताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास र विस्तारमा जोड दिइनेछ ।

१८२. प्रदेशलाई ऊर्जामा आत्मनिर्भर बनाउन प्रदेश ऊर्जा नीति तर्जुमा गरिनेछ।

१८३. **"प्रदेशका गाउँ, उज्यालो बनाऔं कार्यक्रम"** सञ्चालन गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा जलस्रोत एवं वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन तथा विस्तार गरिनेछ।

१८४. नेपाल विद्युत प्राधिकरण र स्थानीय तहसँगको साझेदारीमा ग्रामीण क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन विस्तार गरिनेछ।

१८५. प्रदेशको अधिकार क्षेत्रमा रहेका जलविद्युत आयोजनाहरुलाई प्रदेशले आफैं वा साझेदारीमा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

१८६. सबै लघु जलविद्युत आयोजनाहरुको अद्यावधिक तथ्याङ्कको आधारमा आवश्यक मर्मत, सम्भार र स्तरोन्नतिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

१८७. **"एक घर, एक धारा कार्यक्रम"** अन्तर्गत माग र स्रोतको उपलब्धतालाई ध्यान दिंदै खानेपानीको पहुँच विस्तार गरिनेछ। कैलाली र कञ्चनपुर जिल्लाको चुरे भावर क्षेत्रमा आकाशे पानी सङ्कलन र डिप बोरिङ्ग प्रविधि प्रयोग गरी खानेपानी आपूर्तिको व्यवस्था मिलाइनेछ।

१८८. स्थानीय तह, उपभोक्ता समिति एवं अन्य सरोकारवालासँगको साझेदारीमा प्राकृतिक प्रकोपका कारणले क्षति भएका खानेपानी तथा सरसफाइका संरचनाहरुको मर्मत तथा पुनर्निर्माण गरिनेछ।

**माननीय सभामुखज्यू,**

१८९. प्रदेशको स्थायी राजधानी गोदावरी, कैलालीमा भौतिक पूर्वाधार विकास निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन र जग्गा प्राप्तिको कार्यलाई निरन्तरता दिइनेछ।

१९०. प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा उच्च पदस्थ कर्मचारीहरुका लागि एकीकृत आवासका लागि पूर्वाधार निर्माण गरिनेछ।

१९१. सरकारी भवनको डिजाइन, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति अवलम्बन गरिनेछ ।

१९२. प्रदेश सरकारद्वारा आयोजना हुने सभा, समारोह तथा कार्यक्रम सञ्चालनका लागि प्रदेश राजधानीमा आधुनिक तथा सुविधा सम्पन्न सभा हलको निर्माण गरिनेछ।

१९३. **"मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम"** अन्तर्गत नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा एकीकृत नमूना बस्तीको विकास गरिनेछ।

१९४. कमजोर आर्थिक अवस्था भएका दलित, लोपोन्मुख, बादी, राउटे, मुस्लिम तथा सीमान्तकृत जाति तथा समुदाय एवं विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री बहुतले आवास निर्माण गरिनेछ ।

१९५. **"आवास सुधार कार्यक्रम"** अन्तर्गत ग्रामीण क्षेत्रका विपन्न परिवारका लागि खरको छानो विस्थापन गर्ने नीति लिइनेछ ।

१९६. प्रदेश गौरवका सडक, रणनीतिक महत्वका सडक तथा आर्थिक केन्द्र जोड्ने सडकहरु बाह्रै महिना सञ्चालनमा आउने गरी सडक तथा पुलको निर्माण तथा स्तरोन्नति र माटे सडकको स्तरोन्नतिको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

१९७. निर्माण सम्पन्न भएका सबै प्रकारका सडकको अभिलेख अद्यावधिक गर्दै निश्चित अनुपातमा कालोपत्रे, स्तरोन्नति तथा नयाँ सडक खोल्न बजेट व्यवस्था गरिनेछ।

१९८. प्रदेशका सबै भौगोलिक क्षेत्रमा सहज पहुँच र आवागमका लागि प्रादेशिक सडक गुरुयोजनाको आधारमा सडक सञ्जालको विकास तथा विस्तार गरिनेछ।

१९९. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, आपत्कालीन मर्मत, पुनर्निर्माण एवं व्यवस्थापनलाई थप प्रभावकारी बनाउन प्रदेश सडक तथा पुल मर्मत सम्भार कोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

२००. प्रादेशिक सडकहरुमा दुर्घटना न्यूनीकरणका लागि सडक सुरक्षा परीक्षणको व्यवस्था मिलाइनेछ ।

२०१. यातायात व्यवस्था सेवा कार्यालय र अभ्यास तथा परीक्षण केन्द्रलाई आधुनिकीकरण गरी सबै प्रकारका सवारी साधन दर्ता, सडक अनुमतिपत्र, सवारी चालक अनुमतिपत्र र नवीकरणको प्रक्रियालाई थप व्यवस्थित गर्न विद्युतीय अभिलेख राखिनेछ।

२०२. दुर्गम क्षेत्रमा प्राथमिकताको आधारमा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२०३. सरकारी निकायमा सवारी साधन खरिद गर्दा वातावरणमैत्री तथा प्रदूषणरहित सवारी साधनलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

**माननीय सभामुखज्यू,**

२०४. कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै प्रदेशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन र कृषि क्षेत्रको समग्र विकासका लागि **"प्रदेश कृषि विकास नीति"** तर्जुमा गरिनेछ।

२०५. **"नमूना गाउँ, आफैं बनाऊँ"** भन्ने नाराका साथ सञ्चालन गरिएको मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रमलाई निरन्तरता तथा विस्तार गरिनेछ।

२०६. कृषि उत्पादनमा वृद्धि र बाह्रै महिना खेतीका लागि साना सिंचाइ, स्यालो ट्युववेल, सोलार सिंचाइ, प्लाष्टिक पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०७. खाद्यान्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न उन्नत बीउ तथा मलमा प्रदान गरिने अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। कैलाली तथा कञ्चनपुर जिल्लामा धानमिल मोडलमा मसिना तथा बासनादार धानको उत्पादन प्रवर्द्धन गरी न्यूनतम समर्थन मूल्यमा खरिदको व्यवस्था मिलाइनेछ ।

२०८. उत्पादन कार्यमा संलग्न कृषकलाई कृषि ऋण, रासायनिक मल, विद्युत महशुल, बाली तथा पशुपन्छी बीमाको प्रिमियम तथा भन्सार महशुल अनुदानलाई निरन्तरता दिइनेछ।

२०९. अनुदान कार्यक्रमलाई भौचर प्रणालीमार्फत परीक्षणको रुपमा अगाडि बढाइनेछ। नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा कृषक परिचयपत्र वितरण गरिनेछ।

२१०. सहकारी संस्थामार्फत कृषि तथा पशुपन्छी बीमा प्रवर्द्धन, कृषि ऋण प्रवाह तथा कृषि प्रसार सेवा विस्तारका लागि अनुदान प्रदान गरिनेछ।

२११. खाद्यान्न, फलफूल तथा तरकारी बालीको बीउ उत्पादन प्रवर्द्धन गर्न प्रत्येक स्थानीय तहको साझेदारीमा बीउ उत्पादन तथा बजारीकरण आयोजनालाई निरन्तरता दिंदै परम्परागत बीउको संरक्षण र व्यावसायिक कृषक लक्षित उत्पादन वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

२१२. मध्य तथा उच्च पहाडका खेतीयोग्य फाँटहरुको पहिचान गरी स्थानीय खाद्य सुरक्षा कवचका रुपमा विकास गर्न सिंचाइ, कृषि सडक, विद्युत, बजार लगायतका पूर्वाधार विकासको कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गरिनेछ।

२१३. उच्च हिमाली जिल्लाका ब्याँस, साइपाल र हिमालीजस्ता गाउँपालिकामा नागरिकको आर्थिक उन्नतिका लागि विशेष कृषि तथा पशुपन्छी कार्यक्रम सञ्चालन गरिनेछ ।

२१४. तरकारी, आलु र फलफूल (केरा, ओखर, स्याउ, सुन्तला) जातका उत्पादनलाई उच्च प्राथमिकता दिई उत्पादन अभिवृद्धि गर्न चक्लाबन्दी गरी क्षेत्र विस्तार गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

२१५. सुन्तला जातका फलफूल र ओखरलाई प्रदेशको विशेष नाम र गुणस्तर चिन्हसहित बजारीकरण गरिनेछ ।

२१६. कृषि यान्त्रिकीकरण प्रवर्द्धनका लागि कृषक समूह, सहकारी तथा स्थानीय तहको सहकार्यमा कष्टम हायरिंग सेन्टरहरु स्थापना गरिनेछन्। कृषि उद्यमको विकासका लागि कृषि उष्मायन पद्धतिको विस्तार गरी थप प्रभावकारी बनाइनेछ।

२१७. नेपाल सरकार तथा स्थानीय तहको साझेदारीमा प्रदेशमा टिस्युकल्चर प्रयोगशाला, एकीकृत कृषि बजार, चिस्यान केन्द्र, रासायनिक मल तथा खाद्य भण्डारगृह निर्माण तथा विस्तार गरिनेछ।

२१८. **"भीमदत्त उत्कृष्ट कृषक पुरस्कार"** मार्फत कृषक तथा कृषि पेशालाई थप प्रोत्साहित गरिनेछ। सुदूरपश्चिम विश्वविद्यालय र कृषि प्राविधिक शिक्षालयको साझेदारीमा **"कृषकसँग कृषि विद्यार्थी कार्यक्रम"** लाई निरन्तरता दिंदै विस्तार गरिनेछ।

२१९. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई विस्तार गरिनेछ । जलवायुमैत्री नमूना कृषि गाउँहरुलाई थप सुदृढीकरण गरिनेछ। माटो परीक्षण तथा सुधार अभियानलाई निरन्तरता दिइनेछ।

२२०. नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा प्रदेशभित्र कृषि अनुसन्धान केन्द्र स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

२२१. युवाहरुको ज्ञान, सीप र क्षमतालाई कृषि पेशामा आकर्षित गर्न र स्वरोजगार बनाउन युवा लक्षित कृषि तथा पशुपन्छी कार्यक्रमलाई निरन्तरता दिंदै विस्तार गरिनेछ।

२२२. महामारी तथा प्राकृतिक प्रकोपबाट बढी जोखिममा रहेका कृषकलाई पारिवारिक पोषण, उत्पादन उपरान्तको क्षति न्यूनीकरण र खाद्य सुरक्षा प्रवर्द्धन गर्ने कार्यक्रमलाई निरन्तरता दिंदै विस्तार गरिनेछ ।

**माननीय सभामुखज्यू,**

२२३. उच्च प्रजनन्मानका भैंसीको आनुवांशिक स्रोत केन्द्र र कृत्रिम गर्भाधानका लागि तरल नाइट्रोजन प्लान्ट स्थापना गरिनेछ।

२२४. प्रदेश दुग्ध विकास बोर्ड स्थापना तथा प्रादेशिक दुग्ध नीति निर्माण गर्दै दूधको बजारीकरणका लागि दुग्ध प्रशोधन केन्द्र स्थापना गरिनेछ ।

२२५. नवीनतम् प्रविधिमा आधारित मासु उत्पादनका लागि बट्टाई, कालिज, अस्ट्रिच, खरायो लगायत अन्य पशुपन्छी पालन कार्यलाई प्रवर्द्धन गरिनेछ।

२२६. प्रदेशलाई अण्डामा आत्मनिर्भर बनाउन माउ कुखुरा व्यवस्थापन तथा ह्याचरी उद्योग स्थापनाका लागि सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२२७. विषादी रहित स्वच्छ र गुणस्तरीय उत्पादनका लागि गोठ, खोर र भकारो सुधारका कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरी प्राङ्गारिक मल उत्पादनमा जोड दिइनेछ।

२२८. पशु आहारा व्यवस्थापनका लागि हिमाली भेगमा प्राकृतिक चरन-खर्क सुधार, करारमा घाँसको बीउ उत्पादन कार्यक्रम, बहुउद्देश्यीय घाँस नर्सरी र स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनालाई निरन्तरता दिंदै विस्तार गरिनेछ।

२२९. माछामासुको मागलाई पूर्ति गर्न गुणस्तरीय मत्स्य बीउ उत्पादन र वितरण प्रणालीलाई सुदृढ गरिनेछ ।

२३०. खेतीका लागि अनुपयुक्त जग्गा र प्राकृतिक ताल तलैयामा व्यावसायिक माछापालन प्रवर्द्धन गरिनेछ।

२३१. पहाडी क्षेत्रमा रेन्वो ट्राउटपालन, निजी स्तरमा मत्स्य ह्याचरी स्थापना र वायोफ्लकजस्ता नवीनतम् प्रविधिलाई विस्तार गरिनेछ।

२३२. कृषि तथा पशुपन्छी रोगको रोकथामका लागि एम्बुलेटरी पशु स्वास्थ्य सेवा र कृषि एम्बुलेटरी सेवाको माध्यमबाट सघन रोग निगरानी, अन्वेषण, परजीवि र महामारीजन्य रोग नियन्त्रण, जैविक सुरक्षा प्रवर्द्धन तथा वृहत् खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३३. पशुपालनलाई व्यवस्थित तथा नियमन गर्न पशु बथान दर्ता प्रणालीको विस्तार गरिनेछ।

२३४. पशुपन्छी तथा पशुजन्य उत्पादन बजारीकरण तथा प्रवर्द्धनका लागि दुग्ध चिस्यान केन्द्र, स्वच्छ मासु प्रशोधन तथा बिक्रीस्थल, पशु हाटबजार र सङ्कलन केन्द्र निर्माण तथा ढुवानीमा सहयोग गरिनेछ ।

**माननीय सभामुखज्यू,**

२३५. **"एक सहकारी, एक उत्पादन कार्यक्रम"** सञ्चालन गरिनेछ । सहकारी संघमार्फत सञ्चालन हुने गरी समुदायस्तरमा सीप विकास तथा आयआर्जन तालीम प्रदान गरिनेछ।

२३६. सहकारी संस्थासँगको सहकार्यमा स्थानीय तथा रैथाने वस्तुहरुको बजारीकरणका लागि सुपथ मूल्यका पसल सञ्चालन गरिनेछ ।

२३७. समान कार्यक्षेत्र भएका सहकारीहरुको एकीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। प्रदेशस्तरका सम्पूर्ण सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराइनेछ ।

२३८. भूमि सम्बन्धी समस्या समाधान आयोग र स्थानीय तहसँग समन्वय तथा सहकार्य गरी भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गरिनेछ।

२३९. छुट भएका मुक्त हलिया, मुक्त कमैया र मुक्त कमलरी परिवारहरुको पहिचान र लगत सङ्कलनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४०. एकल महिला, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरी, बादी, दलित, अपाङ्गता भएका व्यक्ति र द्वन्द्व प्रभावित वर्गका लागि लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सभामुखज्यू,**

२४१. प्रादेशिक उद्योग, वाणिज्य तथा आपूर्ति र खनिज उद्योग सम्बन्धी नीतिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२४२. स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक साना तथा मझौला उद्योग व्यवसायले गरेको उत्पादन, निर्यात र सिर्जना गरेको रोजगारी समेतको आधारमा मौद्रिक प्रोत्साहन नीति अवलम्बन गरिनेछ ।

२४३. औद्योगिक विकासको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र आयआर्जन तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२४४. **"सीप सिकौं, उद्यमी बनौं"** नारालाई साकार पार्न महिला, दलित, विपन्न, सीमान्तकृत, अल्पसंख्यक, पिछडिएका वर्ग र द्वन्द्व प्रभावितलाई व्यावसायिक, सीपमूलक र रोजगारमूलक तालीमसहित उद्यमशीलतामा सहयोग पुऱ्याउन बीउ पुँजी र प्रविधि अनुदान उपलव्ध गराइनेछ।

२४५. **"एक स्थानीय तह, एक औद्योगिक ग्राम"** स्थापनाका लागि नेपाल सरकार र स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

२४६. प्राकृतिक स्रोत साधनको उचित प्रयोग र परिचालन गर्न स्थानीय कच्चा पदार्थको प्रचुरताका सम्बन्धमा अध्ययन गरी **"एक जिल्ला, एक विशिष्ट उद्योग**" स्थापना गर्न अनुदान उपलब्ध गराइनेछ ।

२४७. उद्योग प्रशासनलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गरिनेछ।

२४८. उपभोक्ताको हकहित संरक्षणका लागि गुणस्तर परीक्षण र नियमित अनुगमनमार्फत उपभोग्य वस्तुहरुको गुणस्तर सुनिश्चित गरी सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाइनेछ।

२४९. अति दुर्गम तथा सडकको पहुँचबाट टाढा भएको क्षेत्रमा खाद्य वस्तुको आपूर्ति सहज बनाउन ढुवानी अनुदानको व्यवस्था मिलाइनेछ।

२५०. दुर्गम क्षेत्रमा खाद्यान्न अभाव हुन नदिन र सहज खाद्य आपूर्तिका लागि खाद्यान्न भण्डारण केन्द्रको स्थापना गरिनेछ।

२५१. **"पाहुनाको सत्कार, सुदूरपश्चिमको संस्कार"** भन्ने नाराका साथ पर्यटन उद्योगलाई सेवामूलक, व्यावसायिक, व्यवस्थित र प्रभावकारी बनाउन क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२५२. प्रदेश सरकारको नेतृत्व र निजी क्षेत्रको सहभागितामा सामुदायिक कल्याण र रोजगारी सिर्जनाका लागि स्थानीय स्रोत साधनमा आधारित पर्यटकीय कार्यक्रम सञ्चालन गरिनेछ।

२५३. पर्यटन गुरूयोजनाले निर्धारण गरेका क्रियाकलाप प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।

२५४. **"सुदूरपश्चिमको दिगो आर्थिक आधार, सबल पर्यटकीय पूर्वाधार"** भन्ने नाराका साथ प्राकृतिक, साँस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण र संवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

२५५. पर्यटकीय स्थलको पहिचानका लागि पर्यटकीय क्षेत्रको नक्साङ्कन गर्ने कार्य अगाडि बढाइनेछ।

२५६. खप्तड, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, घोडाघोडी, रामारोशन, बडिमालिका, सैपाल, ग्वाल्लेक केदार, अपिनाम्पाजस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्व बोकेका पर्यटकीय गन्तव्यहरुको पूर्वाधार निर्माण गरिनेछ।

२५७. प्रदेशका विभिन्न जिल्लामा रहेका धार्मिक क्षेत्रहरु उग्रतारा, शिवपुरी धाम, गोदावरी, शैलेश्वरी, देवताल धाम, परशुराम धाम, भम्केनी धाम, बडिकेदार, बैद्यनाथ धाम, पाताल भूमेश्वर, मालिकार्जुन, सुर्माभवानी लगायत स्थान समेटी "**धार्मिक पर्यटकीय सर्किट**" निर्माणका लागि संभाव्यता अध्ययन गरिनेछ।

२५८. प्राकृतिक ताल तलैया तथा झरनाहरुको संरक्षण गर्दै साहसिक पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकासमा विशेष जोड दिइनेछ ।

२५९. ग्रामीण पर्यटन विकासमार्फत रोजगारी र आयआर्जन अभिवृद्धिका लागि होमस्टे सेवा विस्तार तथा स्थानीय वस्तुको उपभोगमा जोड दिइनेछ ।

२६०. पर्यापर्यटनको विकास तथा विस्तारको कार्यक्रम सञ्चालन गरिनेछ ।

२६१. प्रदेश राजधानीमा सुदूरपश्चिमको कला, संस्कृति, भेषभूषा, रीतिरिवाज झल्कने प्रादेशिक पर्यटकीय सङ्ग्रहालय निर्माण गरिनेछ ।

**माननीय सभामुखज्यू,**

२६२. राष्ट्रिय वन नीतिसँग सामञ्जस्यता कायम गर्दै प्रादेशिक वन नीति तर्जुमा गरी वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गरिनेछ। सामुदायिक, कबुलियती, साझेदारी, चक्ला वन तथा वन संरक्षण क्षेत्रजस्ता व्यवस्थापनका पद्धतिलाई निरन्तरता दिइनेछ।

२६३. राष्ट्रिय वन क्षेत्रमा उपयुक्त वन संवर्द्धन प्रणालीको अवलम्बन गरी दिगो वन व्यवस्थापनको लक्ष्यमा योगदान पुर्‍याउने कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२६४. बहुमूल्य जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको पकेट क्षेत्र पहिचान गरी वृहत् वृक्षारोपणका माध्यमबाट हरित रोजगारी सृजना गरिने छ ।

२६५. औषधीजन्य जडिबुटीको उत्पादन, प्रशोधन, भण्डारण र निकासीमा विशेष जोड दिइनेछ।

२६६. वनको सघन व्यवस्थापनका लागि नाङ्गा डाँडा, पाखा, पर्ती, चौर र नदी उकास जमिनमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । यसरी वृक्षारोपण गर्दा ठाउँ हेरी फलफूल र उपयोगी वृक्षको छनौट गरिनेछ।

२६७. **"स्वच्छ जल प्रवाहः समृद्ध मानवीय जीवन"** भन्ने नाराका साथ नदी, खोला र पानीका स्रोतहरुको स्वच्छता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२६८. जलाधार क्षेत्रको व्यवस्थापनका लागि भू-स्खलन, बाढी पहिरो र नदी कटान नियन्त्रण गर्न भू-संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२६९. सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२७०. नेपाल सरकारसँगको सहकार्यमा संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज एवं मध्यवर्ती क्षेत्रको संरक्षण र विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२७१. स्थानीय जलवायु अनुकूलन कार्ययोजनाको आधारमा जलवायु परिवर्तनको जोखिम न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ।

२७२. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२७३. काठको आपूर्तिमा सहजता ल्याउन वन क्षेत्रभित्र तथा बाहिर रहेका सुखड खडा र ढलापडा रूखको सङ्कलन, कटानी र बिक्री वितरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ। साथै प्रदेश वन निगम स्थापनाका लागि कानूनी प्रक्रिया पूरा गरी सञ्चालनमा ल्याइनेछ।

२७४. राष्ट्रिय वनमा परेको चाप कम गर्न निजी वनको विकास तथा **"कृषि वन प्रणाली कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२७५. वातावरण स्वच्छताका लागि स्थानीय तह र संघसंस्थासँगको साझेदारीमा प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**माननीय सभामुखज्यू,**

२७६. प्रदेशमा शान्ति सुरक्षा र अमनचयन कायम गरी नागरिकलाई सुरक्षाको प्रत्याभूति गराउन **"प्रदेश आन्तरिक सुरक्षा नीति"** तर्जुमा गरिनेछ।

२७७. आपराधिक गतिविधिमा संलग्न हुनेलाई कानूनी दायरामा ल्याई समाजमा शान्ति सुरक्षा र अमनचयन कायम गरी अपराधको अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक र वैज्ञानिक बनाउन क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२७८. प्रदेश प्रहरीलाई दक्ष, व्यावसायिक र उच्च मनोबलयुक्त बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२७९. शान्ति सुरक्षा र सडक दुर्घटना समेतलाई ध्यानमा राख्दै प्रमुख राजमार्गमा सिसिटिभी क्यामेरा जडान गर्ने कार्यलाई थप विस्तार गरिनेछ।

२८०. प्रहरी संगठनका लागि भौतिक पूर्वाधार विकास निर्माण कार्यलाई आवश्यकताका आधारमा विस्तार गरिनेछ ।

२८१. चौबीसै घण्टा सूचना सङ्कलन तथा विश्लेषण गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहेको सूचना समन्वय इकाई तथा नियन्त्रण कक्षको सुदृढीकरण गरिनेछ।

२८२. नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्र रहेका कारागारको भौतिक पूर्वाधार विकास तथा व्यवस्थापकीय सुधार गर्न कैदी तथा बन्दीको श्रम र सीपलाई उत्पादनमूलक कार्यमा उपयोग गर्न कारागार सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

२८३. महिला हिंसा, साइबर अपराध, मानव बेचविखन तथा ओसारपसार र लागूऔषध ओसारपसारजस्ता आपराधिक गतिविधिको नियन्त्रण तथा जोखिम न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८४. नागरिक सीमा सहायता कक्षलाई जनशक्ति व्यवस्थापनसहित विस्तार तथा सुदृढीकरण गरिनेछ ।

२८५. प्रहरीलाई जनमुखी बनाउन **"समुदाय प्रहरी साझेदारी कार्यक्रम"** सघन रुपमा विस्तार गरिनेछ।

२८६. न्यायिक तथा अर्धन्यायिक निकायहरुले गरेका फैसला कार्यान्वयनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२८७. **"कानूनको अज्ञानता क्षम्य हुँदैन"** भन्ने मान्यतालाई मध्यनजर गरी कानूनी शिक्षा सचेतना अभियान सञ्चालन गरिनेछ।

२८८. विपद् जोखिम न्यूनीकरणका लागि संस्थागत र व्यवस्थापकीय क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। खोज, उद्धार तथा राहत सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यक विपद् सामग्री तथा औजार उपकरणको व्यवस्था मिलाइनेछ ।

२८९. विपद्को जोखिम पहिचान, क्षतिको पूर्वानुमान र पूर्वचेतावनी सूचना प्रणालीको स्थापनाका लागि संभाव्यता अध्ययन गरिनेछ।

२९०. दुर्गम स्थानका गर्भवती महिला र विपद्बाट गम्भीर घाइतेलाई गरिने आपत्कालीन हवाई उद्धार सेवालाई निरन्तरता दिइनेछ ।

२९१. प्रदेशमा मानव अधिकार र सञ्चारको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई **"जयपृथ्वी बहादुर सिंह पुरस्कार"बाट सम्मान गरिने छ ।**

२९२. यौनजन्य हिंसा, बलात्कार र एसिड आक्रमणजस्ता घटना सम्बन्धी अनुसन्धान, अन्वेषण एवं पैरवी कार्यमा सहयोग गर्ने राष्ट्रसेवक, सञ्चार जगत्, व्यक्ति वा संघसंस्थालाई **"चेलीको आवाज नामक पुरस्कार"** बाट सम्मान गरिनेछ।

२९३. स्थानीय तह र संघसंस्थाहरुको साझेदारीमा महिला हिंसामा परेका चेलीहरुलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्न **चेली परामर्श तथा पैरवी केन्द्र** स्थापना गरिनेछ।

२९४. प्रदेशको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रदेशलाई चिनाउने विशिष्ट महानुभावहरुलाई सम्मान गरिनेछ ।

२९५. प्रदेशभित्र सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थापन र उपयोगका लागि प्रदेश आमसञ्चार नीति ल्याइनेछ। प्रदेशमा प्रेस काउन्सिल, सञ्चार रजिष्ट्रार र चलचित्र विकास बोर्ड स्थापना गरिनेछ।

**माननीय सभामुखज्यू,**

२९६. प्रदेशमा कार्यरत कर्मचारीलाई उच्च मनोवलयुक्त र कर्तव्यनिष्ठ बनाउन कार्यक्षमता अभिवृद्धि तथा प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२९७. प्रदेशमा कार्यरत कर्मचारीलाई आवास निर्माणका लागि सहुलियत व्याजमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२९८. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई प्रदेशभित्र सञ्चालनमा रहेका तालीम केन्द्रहरूको छाता प्रतिष्ठानको रुपमा विकास गरिनेछ ।

२९९. सरकारी कर्मचारीका सन्ततिका लागि धनगढीमा शिशु स्याहार केन्द्र स्थापना गरिनेछ।

३००. निजामती कर्मचारी सन्तति आवासीय विद्यालय र शहीद स्मृति आवासीय विद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिंदै सुधारको कार्यक्रम सञ्चालन गरिनेछ।

३०१. कर्मचारी प्रशासनलाई थप व्यवस्थित र प्रभावकारी तुल्याउन प्रदेश कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, सजाय, पुरस्कार, तालीम, अवकाश लगायतको विस्तृत विवरण प्रादेशिक कर्मचारी सूचना प्रणाली (PPIS) मा एकीकरण र अद्यावधिक गरिनेछ।

३०२. प्रदेश लोक सेवा आयोगबाट रिक्त पदमा पदपूर्तिका लागि कर्मचारी भर्ना प्रक्रिया शुरू गरिनेछ।

**माननीय सदस्यज्यूहरु,**

३०३. प्रदेशको राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिहरुलाई संरक्षण गर्दै प्रादेशिक गौरव, सम्मान, स्वाभिमान र हित प्रवर्द्धन गर्ने, कोरोना महामारीको रोकथाम, नियन्त्रण तथा उपचार गर्ने र महामारीबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरुलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

३०४. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, कोरोना महामारीको असर कम गर्दै आर्थिक तथा सामाजिक क्षेत्र थप गतिशील हुने र पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ। यसले **"समृद्ध सुदूरपश्चिम"** को आकांक्षा पूरा गर्न योगदान पुग्नेछ।

३०५. प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सदाझैं प्रदेश सरकारलाई सबैबाट सक्रिय सहयोग प्राप्त हुने विश्वास लिएको छु।

३०६. अन्त्यमा, आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्नु हुने प्रदेश सभाका माननीय सदस्यहरु, प्रदेश समन्वय परिषद्, स्थानीय तहका पदाधिकारीहरु, राजनीतिक दल, बुद्धिजीवि, राष्ट्रसेवकहरु, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संघसंस्था र प्रदेशका नागरिकप्रति हार्दिक आभार प्रकट गर्दछु।

३०७. प्रदेशको विकासमा योगदान गर्ने राजनीतिक दल, बुद्धिजीवि, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार जगत् लगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**

**मितिः २०७८।०२।२७**

माननीय सदस्यहरु,
आजको वैठकको कारबाही यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु,
अब, प्रदेश प्रमुख माननीय गंगाप्रसाद यादवज्यूको प्रस्थान हुने भएकाले आ-आफ्नो स्थानमा उभिई माननीय प्रदेश प्रमुखमा सम्मान प्रकट गरिदिन हुन सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह गर्दै अर्को वैठक मिति २०७८/०२/२८ गते शुक्रबार दिउसो ३:०० बजे बस्ने भएकाले उक्त समयसम्मको लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।